मितिः २०७८।०१।२४ गते

१०२ औं कार्यपालिका बैठकका निर्णयहरुः

**निर्णय नं. १ः** एम्बुलेन्स ब्यबस्थापन सम्बन्धमा देहाय बमोजिम गर्ने ।

क) कोरोना व्यबस्थापनका लागि पिपलाडी स्वास्थ्य चौकीको एम्बुलेन्स प्रयोग गर्ने ।

ख) एम्बुलेन्स प्रयोग गर्दा आवश्यकता अनुसार इन्धन तथा मर्मत नगरपालिकाबाट उपलब्ध गराउने ।

ग) एम्बुलेन्स चालकलाई जोखिम भत्ता र आवश्यक पर्ने स्वास्थ्य सुरक्षा सामग्री नगरपालिकाबाट उपलब्ध गराउने ।

घ) एम्बुलेन्स प्रयोग गरे वापत पिपलाडी स्वास्थ्य चौकीलाई आगामी आ. व.को वजेटमा रू. २,५०,०००।— थप अनुदान दिने ।

ङ) एम्बुलेन्स पिपलाडी स्वास्थ्य चौकीमा फिर्ता बुझाउँदा मर्मत गरि फिर्ता बुझाउने ।

च) एम्बुलेन्स संचालनका लागि वडा नं. ४ का वडा अध्यक्ष एवं नगर सुशासन समिति संयोजकलाई फोकल पर्सन तोक्ने ।

छ) उक्त एम्बुलेन्स कोरोनाका विरामिलाई मात्र ल्याउने पुर्याउने काममा प्रयोग गर्ने र एम्बुलेन्स सेवा निशुल्क उपलब्ध गराउने ।

**निर्णय नं. २ः** पि. सि. आर. परीक्षण सम्बन्धमा देहाय वमोजिम गर्ने ।

क) प्रत्येक हप्ताको मंगलबार र शुक्रबार पि. सी. आर. परीक्षण गर्ने ।

ख) पि. सी. आर. परीक्षण कोभिड अस्पताल पिपलाडीमा गर्ने ।

ग) पि. सी. आर. गर्नु पर्ने व्यक्तिको विवरण प्रत्येक वडामा रहेका स्वास्थ्य संस्थामा संकलन गरि नगरपालिकामा पठाउने र नगरपालिकाबाट स्वीकृत व्यक्तिहरूको मात्र पि. सी. आर. परीक्षण गर्ने ।

घ) पि. सी. आर. फोकल पर्सन तोक्ने ।

ङ) पि. सी. आर. गर्न आवश्यक भिटिएम खरिद गर्न रू ३,००,०००।—(तिन लाख) विपद् व्यबस्थापन कोषबाट खर्च गर्ने ।

च) पि. सि. आर. गर्ने र भिटीएम पुर्याउने कार्यमा संलग्न कर्मचारीहरूलाई जोखिम भत्ता र आवश्यकता अनुसार स्वास्थ्य सुरक्षा सामग्री उपलब्ध गराउने ।

छ) आवश्यक स्वास्थ्य सुरक्षा सामग्री खरिद गर्न रू. ३,००,०००।— (तिन लाख) विपद् व्यबस्थापन कोषबाट खर्च गर्ने

ज) पि. सी. आर. कार्यमा संलग्न कर्मचारीहरूलाई पि. सी. आर. गरेको दिन रू ५००।— ईन्धन, खाजा र पानीबापत् उपलब्ध गराउने।

**निर्णय नं. ३**: कोरोना रोग नियन्त्रण तथा रोकथाम सम्बन्धमा देहाय बमोजिम गर्ने

क) कोरोना भाईरस रोग संक्रमण रोकथाम, जोखिम न्यूनिकरण तथा अन्य आपतकालिन व्यबस्थापन गर्ने प्रयोजनको लागि कार्यपालिकामा निहित अधिकार प्रत्योजन हुने गरी देहाय बमोजिम समिति गठन गर्ने र उक्त समितिका निर्णयहरू कार्यपालिकाबाट अनुमोदन गराउने।

देहायः

| | |
|---|---|
| अ) नगर प्रमुख श्री दिल बहादुर ऐर- | संयोजक |
| आ) नगर उप प्रमुख श्री तुलसी देवी हमाल- | सदस्य |
| इ) प्रमुख प्रशासकीय अधिकृत श्री विशनसिंह थापा- | सदस्य |
| ई) नगर प्रबक्ता श्री जगत बहादुर सिंह | सदस्य |
| इ) वडा नं. १ का वडा अध्यक्ष श्री हरिष विष्ट | सदस्य |

ख) कोरोना भाईरस रोग संक्रमण रोकथाम, जोखिम न्यूनिकरण तथा अन्य आपतकालिन व्यबस्थापनका लागि विभिन्न निजी तथा गैर सरकारी संस्था र अन्य दाताहरूलाई सहयोगको लागि आह्वान गर्ने ।

ग) कोरोना सम्बन्धि आवश्यक सूचना प्रवाह गर्ने, प्रतिवेदन तयारी गरी पठाउने तथा अन्य अन्तर सरकारी समन्वय सम्बन्धि काम गर्ने प्रयोजनको लागि देहाय वमोजिमको समिति गठन गर्ने।

अ) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

आ) स्वास्थ्य शाखा प्रमुख -सदस्य

इ) सूचना प्रविधि अधिकृत -सदस्य

घ) नगरपालिकामा हेल्प डेस्क स्थापना गर्ने ।

ङ) से. १ ग. ७९ नम्बरको टिप्पर लाई शव वाहनमा प्रयोग गर्ने र बा. १ ग. ३२४८ नम्बरको टिप्परलाई सरसफाईमा प्रयोग गर्ने।

च) शव वाहन तथा सरसफाईमा खटिने कर्मचारीहरूलाई थप जोखिम भत्ता उपलब्ध गराउने।

**निर्णय नं. ४:** धानको बिउ खरिद गर्न ई-बिड मार्फत ठेक्का आह्वान गरिएकोमा एक मात्र आपुर्तिकर्ताले ठेक्का पेश गरेकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ बमोजिम कोटेशन प्रकृयाबाट खरिद गर्न प्रकृया अगाडी बढाउने ।

निर्णय प्रमाणित
२०७७।१२।२८